# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, पुस महिना १३ गते २०७६ साल (अतिरिक्ताङ्क २३**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. १९**

**कार्यविधिको नाम : टोल विकास संस्था संचालन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७६)**

| साविकको व्यवस्था | संशोधन पछिको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास | दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल | दुई वर्षे कार्यकाल छोटो रहेकाले संस्थामा रहेका व्यक्तिहरुको अनुभव भरपुर उपयोग गर्ने समयावधि कम |

| | | |
|---|---|---|
| कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि दुई वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | विकास कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएकमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ । कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | भएकाले । |

**प्रमाणीकरण मितिः २०७६/०९/१०**

**आज्ञाले**
**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**